# लिखु पिके गाउँपालिका

## गाउँ कार्यापालिकाको कार्यालय

चौंलाखर्क, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

# महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

# लिखु पिके गाउँपालिका

# महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०५/३०

लिखु पिके गाउँपालिकामा सूचीकृत महिला बेरोजगार व्यक्तिहरुलाई न्यूनतम ३० दिनको रोजगारी प्रत्याभुति गर्न तथा सामुदायिक पूर्वाधार निर्माण तथा मर्मतका योजनाहरु सञ्चालन गरी जिबिकोपार्जन आर्थिक सशक्तिकरण, तथा उत्थानमा थप सहयोग पुर्याउन महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकाले लिखु पिके गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी "लिखु पिके गाउँपालिका, महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१" तर्जुमा गरी लागू गरिएको छ।

**परिच्छेद- १**

**<u>प्रारम्भिक</u>**

**१. संक्षिप्त नाम र प्रारम्भ :** क) यस कार्यविधिको नाम **"लिखु पिके गाउँपालिका, महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१"** रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यापालिकाले पारित गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले लिखु पिके गाउँपालिका, महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ लाई सम्झनुपर्छ।

ख) "गाउँपालिका" भन्नाले लिखु पिके गाउँपालिका सम्झनुपर्छ।

ग) "अध्यक्ष" भन्नाले लिखु पिके गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

घ) "उपाध्यक्ष" भन्नाले लिखु पिके गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

प्रमाणित

ङ) "वडाध्यक्ष" भन्नाले लिखु पिके गा.पा. भित्रका पाँच वटै वडाका वडाअध्यक्षलाई सम्झनुपर्छ।

च) "महिला बेरोजगार व्यक्ति" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत लिखु पिके गाउपालिकाको रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा सूचीकृत भएका महिलाहरुलाई सम्झनुपर्छ।

छ) "रोजगार सेवा केन्द्र" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा सञ्चालित कार्यालयलाई सम्झनुपर्छ।

ज) "सामुदायिक आयोजना" भन्नाले लिखु पिके गाउँपालिकामा सञ्चालन हुने श्रम प्रधान सार्वजानिक पूर्वाधार निर्माण तथा मर्मतका योजनाहरु सम्झनुपर्छ।

झ) "अनुगमन समिति "भन्नाले लिखु पिके गाउँफालिकाको योजना अनुगमन कार्यविधिको दफा,३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरीय अनुगमन समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २
## रोजगारमूलक आयोजनाको प्रकृति

**३. आयोजनाको प्रकृतिः** लिखु पिके गाउँपालिकाले सूचिकृत बेरोजगार महिलालाई रोजगारीमा संलग्न गराउन यसै कार्यविधिको दफा ४ बमोजिम कामका लागि पारिश्रमिकमा आधारित देहायका प्रकृतिका रोजगार आयोजना सञ्चालन गर्न सक्नेछः

**(क) सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनाः** सूचिकृत महिला बेरोजगार व्यक्तिलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिकमा आधारित निर्माण कार्य (क्यास पर कन्सट्रक्सन वर्क) सँग सम्बन्धित समुदायस्तरको आयोजना सञ्चालन ।

**(ख) सार्वजनिक पूर्वाधार मर्मत सम्भारमा रोजगारमूलक आयोजनाः** स्थानीय तह भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत महिला बेरोजगार व्यक्तिलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने (क्यास फर मेन्टेनेन्स वर्क) गरी कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन ।

**(ग) अन्य सार्वजनिक क्षेत्रका आयोजनाः** सार्वजनिक रोजगारदाताले सञ्चालन गरेका निर्माण तथा अन्य कार्यमा श्रमिक माग भएमा रोजगार सेवा केन्द्रले सूचिकृत महिला बेरोजगार खटाई सञ्चालन हुने आयोजना ।

## परिच्छेद- ३
## आयोजनाको तर्जुमा तथा रोजगारीमा खटाउने प्रक्रिया

**४. आयोजनाको तर्जुमाः** (१) वडा कार्यालयले यस कार्यक्रमको लागि योजना छनौट गर्दा देहायका श्रममूलक सामुदायिक आयोजनालाई प्राथमिकता दिनुपर्नेछ।

क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत महिलालाई लाभ दिने,

ख) दिगो तथा उच्च प्रतिफल प्राप्त हुने किसिमका पूर्वाधार निर्माण तथा मर्मत हुने।

ग) स्थानीय महिलाहरुको सामाजिक र आर्थिक उन्नतीमा सहयोग पुग्ने।

घ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुर्याउने।

(२) उपदफा (१) बमोजिमको सामुदायिक आयोजना छनौट गर्दा देहायका क्षेत्र भित्र मात्र पर्ने गरी छनौट गर्नुपर्नेछ।

क) सडक निर्माण तथा मर्मत सम्भार

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विकी केन्द्रको निर्माण तथा मर्मत सम्भार

ग) ग्रामीण खानेपानी

- खानेपानी आयोजनाको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

घ) स्वास्थ्य तथा सरसफाइ

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारको निर्माण तथा सो को मर्मत सम्भार

प्रमाणित

ङ) शिक्षा

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

च) वन तथा जलाधार

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

(३) उपदफा (२) बमोजिमको श्रममूलक आयोजना छनौट गर्दा वडा समितिबाट निर्णय गर्नुपर्नेछ। यसरी वडा समितिबाट निर्णय भई आएका योजनाहरुको प्राथमिकिकरण गरी गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी सञ्चालन गर्नुपर्नेछ। कार्यक्रमको लागि गाउँपालिकाबाट विनियोजित भएको बजेटलाई वडागत आधारमा दामासाहीले (समानरुपमा) वितरण गर्ने गरी बजेटको विनियोजन तथा सो अनुसार आयोजना कार्यान्वयनका लागि प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ।

**५. रोजगारीमा खटाउन आयोजनाको प्राथमिकिकरणः** (१) लिखु पिके गाउँपालिकामा सूचीकृत महिला बेरोजगार व्यक्तिलाई तीस दिनको रोजगारी उपलब्ध हुने गरी दफा ४ बमोजिमको आयोजना कार्यान्वयन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने रोजगारीमा वडागत रुपमा रोजगार सेवा केन्द्रबाट पठाईएको बेरोजगार सूचीबाट सत्तरी प्रतिशत महिला र तीस प्रतिशत पुरुष संलग्न हुने गरी छनौट गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम रोजगारीमा संलग्न हुने व्यक्ति छनौट गर्दा विपन्न, दलित, सीमान्तकृत, एकल महिलालाई प्राथमिकतामा राखि छनौट गरि वडा समितिबाट निर्णय गर्नुपर्नेछ। यसरी वडाबाट छनौट भई आएको सूची गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम वडा समितिबाट छनौट भएको सूची गाउँ कार्यपालिकाको बैठकले अस्वीकृत वा हेरफर गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम रोजगारीमा संलग्न हुने व्यक्ति छनौट गर्दा सो वडाबाट सत्तरी प्रतिशत महिला सूचीकृत नभएमा उपदफा (३) बमोजिमका बेरोजगार व्यक्तिमा सूचीकृत पुरुषहरुलाई खटाउन सकिनेछ।

(६) दफा (४), उपदफा (३) बमोजिम गाउँपालिका बाट विनियोजित भएको बजेटलाई वडागत आधारमा दामासाहीले (समानरुपमा) वितरण गर्ने गरी बजेटको विनियोजन गर्दा रोजगार आयोजनामा खटिने वडागत सूचीकृत बेरोजगार व्यक्तिहरुको संख्या नपुग भएमा, आयोजनामा संलग्न हुन नमानेमा सूचीकृत संख्या धेरै भएका अन्य वडामा खटाउन सकिनेछ।

**६. आयोजनाको बजेट विनियोजनः** (१) कार्यक्रमको लागि लिखु पिके गाउँपालिकाबाट विनियोजित बजेट मध्ये कम्तिमा ७० प्रतिशत रकम ज्यालामा खर्च गर्नुपर्नेछ। बाँकी ३० प्रतिशत रकम निर्माण सामाग्री तथा औजार एवम सुरक्षा सामाग्री व्यवस्थापनमा खर्च गर्न सकिनेछ। रोजगार आयोजनाको प्रकृति र लागत अनुमान अनुसार सम्बन्धित वडाले समेत ज्याला तथा निर्माण सामाग्री तथा सुरक्षा सामाग्री व्यवस्थापनमा लागत साझेदारी गर्न सक्नेछ।

**७. आयोजनाको प्रक्रिया र अधिकतम सीमाः** (१) यस कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरु वडा समितिबाट छनौट गरी लिखु पिके गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी सञ्चालन गर्नुपर्नेछ।

(२) सञ्चालन हुने प्रति आयोजनाको लागत सीमा अधिकतम रु दश लाख सम्मको हुनेछ।

(३) उपदफा (१) बमोजिम वडा समितिबाट छनौट भएका योजना गाउँ कार्यपालिकाको बैठकले अस्वीकृत वा हेरफर गर्न सक्नेछ।

## परिच्छेद- ४
## आयोजना कार्यान्वयन प्रक्रिया

**८. लागत अनुमान तयार गर्नुपर्नेः** (१) यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना कार्यान्वयन गर्दा प्राविधिक लागत अनुमान, ड्रइङ्ग डिजाइन आदि समेत तयार गरी कार्यान्वयन प्रक्रिया लैजानु पर्नेछ।

**९. आयोजना स्थलः** यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने एउटा आयोजना एउटा वडाभित्र मात्र सञ्चालन गर्न सकिनेछ।

**१०. रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम रु एक लाख भन्दा बढी लागतको आयोजना सञ्चालन गर्न वडाले आयोजनागत रुपमा खटाईएका श्रमिक महिलाहरु मध्येबाट एक जना अध्यक्ष, एक जना सचिव र एक जना कोषाध्यक्ष सहित बढीमा सात सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(२) रोजगार उपभोक्ता समितिमा रहने व्यक्तिको योग्यताः-

क) सरकारी नगद तथा जिन्सी मासेको वा सरकारी सम्पत्ति हिनामिना गरेको वा सरकारी पेश्की बेरुजु रहेको नभएको,

ख) कुनै पनि राजनीतिक दलको कार्यकारी पदमा नरहेको,

ग) नीजको परिवारको अन्य कोहि सदस्य सोही समितिमा नरहेको।

(३) रोजगार उपभोक्ता समितिका पदाधिकारीको पदावधी आयोजना अवधिभर मात्र हुनेछ।

(४) रोजगार उपभोक्ता समितिका पदाधिकारीहरुले समेत अन्य श्रमिक सरहनै काम गर्नुपर्नेछ। समितिको पदाधिकारी भएकै कारण काम गरे बापतको ज्याला बाहेक अन्य कुनै सुविधा प्राप्त गर्ने छैनन्।

**११. रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

क) गाउँपालिका सँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन गर्ने गराउने,

ख) श्रमिकहरुको हाजिरी अभिलेख राखे,

ग) प्राविधिकलाई आयोजनाको प्रतिवेदन तयार पार्न आवश्यक जानकारी दिने र सहजीकरण गर्ने,

घ) श्रमिकले रोजगारी गरेको दिनको हिसाव गरी सो बराबरको रकम सिधै श्रमिकको बैंक खातामा निकासा गराउन सहजिकरण गर्ने ।

**१२. बैंक खाता सञ्चालन सम्बन्धमाः** (१) रोजगार उपभोक्ता समितिले श्रमिकको ज्याला वापतको रकम बाहेक अन्य खर्च व्यवस्थापन गर्नु पर्ने भएमा आफ्नो नाममा बैंक खाता सञ्चालन गर्नु पर्नेछ।

प्रमाणित

(२) अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट समितिको बैंक खाता सञ्चालन हुनेछ

(३) यस कार्यविधि बमोजिमका आयोजनामा हुने खर्चको भुक्तानी बैंक मार्फत गर्नु पर्नेछ।

(४) रोजगार उपभोक्ता समितिले प्रचलित कानून बमोजिम कारोबारको लेखा दुरुस्त राख्नुपर्नेछ।

**१३. आयोजनाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः** (१) आयोजनाको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन लिखु पिके गाउँपालिकाको योजना अनुगमन कार्यविधी, २०८० बमोजिम हुनेछ।

(२) आयोजनाको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन लिखु पिके गाउँपालिका रोजगार सेवा केन्द्रको प्राविधिक कर्मचारीले गर्नुपर्नेछ।

## परिच्छेद- ५
## बजेट

**१४. बजेट हस्तान्तरणका आधारः** (१) कार्यक्रमको लागि आवश्यक बजेट गाउँपालिका कार्यालयले बिनियोजन गर्नेछ।

(२) कार्यक्रमको लागि गाउँपालिकाबाट विनियोजित भएको बजेटलाई वडागत आधारमा दामासाहीले (समानरुपमा) वितरण गर्ने गरी बजेटको विनियोजन गर्नुपर्नेछ।

**१५. श्रमिकको ज्याला भुक्तानीः** (१) श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निर्णय र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडाध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानि गर्नुपर्नेछ।

(२) श्रमिकको दैनिक उपस्थितिको अभिलेख अनुसार गाउँपालिका कार्यालयले लिखु पिके गाउँपालिकाको अदक्ष कामदारको प्रति दिनको ज्याला दररेटको असी प्रतिशतले हुन आउने रकमले हिसाब गरी भुक्तानि गर्नुपर्नेछ।

## परिच्छेद- ६
## विविध

**१६. सार्वजनिक परीक्षणः** स्थानीय तहले बेरोजगार सूचिकरणको विवरण, श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

**१७. पारदर्शिता र उत्तरदायित्वः** (१) रोजगार आयोजना सञ्चालन गर्दा पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम सञ्चालन हुने तीन लाख भन्दा बढि लागतको आयोजना स्थलमा आयोजनाको विवरण तथा बजेटको श्रोत खुल्ने गरी अनुसूची २ को नमूना अनुसार सूचना पाटी राख्नु पर्नेछ ।

**१८. आवश्यक निर्णय गर्न सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा, अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न पालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**१९. अनुसूचीमा हेरफेर गर्न सक्नेः** पालिकाले यस कार्यविधिको अनुसूचीहरुमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

अनुसूची-१

महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम

.....................................................................................................

लिखु पिके गाउँपालिका, वडा नं. .........

**श्रमिकको हाजिरी रेकर्ड तथा भुक्तानीको विवरण**

आयोजनाको नामः- ........................................................................ ।

मिति............................देखि...........................सम्म।

| क्रं.सं. | श्रमिकको नाम, थर | संकेत नं. | जम्मा काम गरेको दिन | | | | | | | | | | | | | | | काम गरेको जम्मा दिन | दर | जम्मा पाउने रकम | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | | |

दैनिक हाजिर राख्नेको नाम..........................................दस्तखत...........................

जाँच्नेको नाम.................................दस्तखत.............................

हाजिरी स्वीकृत गर्नेको नाम...........................दस्तखत...........................

प्रमाणित गर्ने वडाध्यक्षको नाम....................................दस्तखत...........................

वडा कार्यालयको छाप

अनुसूची-२
(दफा १७ उपदफा (२) सँग सम्बन्धित)
लिखु पिके गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चौंलाखर्क, सोलुखुम्बु

## रोजगार आयोजनाको सूचना पाटी

आयोजनाको नामः ..........................................................

आयोजना स्थलः ..........................................................

आयोजना सञ्चालन हुने मितिः.................................. देखि ..............................सम्म

रोजगारीमा संलग्न हुने व्यक्तिको संख्याः......................................

अनुमानित कूल रोजगारीको दिन संख्याः ..................................

| क.सं. | खर्चको विवरण | बजेट तथा श्रोत | | |
|---|---|---|---|---|
| | | लिखु पिके गाउँपालिका | वडा नं. ... | जम्मा |
| १ | श्रमिकको ज्याला | | | |
| २ | निर्माण सामाग्री, औजार र सुरक्षा सामाग्री | | | |
| ३ | कन्टिन्जेन्सी | | | |
| | | | | |

सम्पर्क व्यक्तिः ........................................................................ (अध्यक्ष/सचिव/कोषाध्यक्ष)

सम्पर्क नम्बरः..............................................

प्रमाणित